



# रङ्गमञ्चमै घुलेको जीवन : निशा शर्मा

● सविता शर्मा

निशा शर्मा नेपाली रङ्गमञ्चको गर्व र सम्मानको अर्को नाम हो। नेपाली रङ्गमञ्चलाई जीवन दिन निशाले आफ्नो जीवनको उर्वर साढे चार दशक लगाउनुभएको छ। आधुनिक नेपाली रङ्गमञ्चको अग्रणी र स्थापित व्यक्तित्व निशाले सुस्ताएको नेपाली नाट्यकर्मलाई ब्युझाउनुभयो। रङ्गमञ्चलाई जीवन भर्न आफू रित्तिनुभयो। जीवनको सम्पूर्ण उर्जा रङ्गमञ्चलाई झरिलो र भरिलो बनाउन समर्पण गर्नुभयो। कुनै पनि पेशामा लामो समय टिक्न सामान्य उर्जाले सम्भव छैन, उहाँ रङ्गमञ्चमा चर्लुम्म डुब्नुभयो। नाटक नै उहाँको जीवन बन्यो।

निशा शर्मा वि.स.२०२७ सालमा काठमाडौंमा जन्मनुभएको हो। बुवा रामप्रसाद शर्मा र आमा लक्ष्मी शर्माको चौंथो सन्तानका रूपमा उहाँको जन्म भएको हो। गर्भमा सात महिना हुँदा उहाँ जन्मनुभएको थियो। जन्मदा उहाँको तौल निकै कम थियो। काखमा राख्न पनि अप्ठेरो हुन्थ्यो त्यसैले उहाँकी आमाले कपास र सुतीको नरम कपडामा बेरेर हुर्काउनुभयो। घाममा सुताउँदा पनि कुकुरले लैजाला भन्ने डरले उहाँका दिदीहरूले पालो गरेर हेर्नुहुन्थ्यो। उहाँका तीन दिदी, एकजना बहिनी र एकजना भाई हुनुहुन्छ। केही समयपछि उहाँलाई मुटुको पनि समस्या देखियो। घरमा सबैभन्दा बढी माया र हेरचाह उहाँले नै पाउनुभयो। घरमा बहिनी भएपनि सबैभन्दा कान्छी छोरीजस्ती भएर असाध्यै पुलपुलिएर हुर्किनुभयो। मायामा पुलपुलिएर निकै बदमासी र छुकछुक गर्ने चञ्चले स्वभाव थियो।

## पाँच वर्षमै नाटक

नेवार समुदायमा डबलीहरूमा डबली नाटक मञ्चन गर्ने चलन थियो त्यतिबेला। निशाकी आमा नेवार समुदायको हुनुहुन्थ्यो। आमाको पनि नाटकसँग एक खालको सम्बन्ध थियो। नाटक हेर्ने बुझ्ने अवसर उहाँले सानो बेलादेखि नै पाउनुभयो। उहाँका दिदीहरू सूर्यमाला र चन्द्रमाला शर्माले नाटक खेल्न थाल्नुभयो जसले गर्दा निशा पनि बिस्तारै नाटकतर्फ मोडिनुभयो।

पारिवारिक माहोल कला र संस्कृतिसँग जोडिएको थियो। निशाका बुवाको शास्त्रीय सङ्गीतमा झुकाव थियो। बुवाका साथीहरू घरमा आइरहन्थे, शास्त्रीय सङ्गीत गुञ्जिन्थ्यो। बाल्यकालदेखि नृत्यमा उहाँको विशेष रुचि थियो। रङ्गमञ्चका अपरिहार्य तत्व नृत्य, सङ्गीत र अभिनयको मिश्रणले

उहाँलाई यो क्षेत्रमा अब्बलरूपमा स्थापित हुन सहयोग पुग्यो । निशा कला र सङगीतमा मुछिदै जानुभयो । उहाँमा भएको नृत्य कौशल र सङगीतको बुझाईले रङगमञ्चमा उहाँको उचाईलाई बढाइदियो ।

निशाले पाँच वर्षको उमेरमा पहिलोपटक बिजय मल्लले लेखेको कङ्काल नाटक खेल्नुभयो । सानो उमेरदेखि नै रङगमञ्चमा आफ्नो प्रस्तुति दिनुभयो । त्यतिबेला उहाँले नृत्य पनि गर्नुभएको थियो निकै राम्रो नृत्य गरेका कारण उहाँलाई दाहोऱ्याएर नृत्य गर्न लगाईको थियो र अभिनयको पनि निकै प्रशंसा गरिएको थियो । नाटकलाई पेशाका रूपमा अँगालेर उहाँले २०३९ सालमा ' प्रतिभा अकाश माग्छे' भन्ने नाटक खेल्नुभयो । बद्री अधिकारीले लेख्नुभएको र सुनील पोखरेलले निर्देशन गर्नुभएको 'प्रतिभा आकाश माग्छे' नाटक राष्ट्रिय सभागृहमा प्रदर्शन भएको थियो । यो नाटकमा उहाँले प्रतिभाको बहिनीको भूमिका निर्वाह गर्नुभएको थियो ।

रङगमञ्चलाई पेशाका रूपमा स्वीकार गरेर खेलेको पहिलो नाटकदेखि उहाँको सबैभन्दा बढी रुचाइएको इब्सनको 'डल्स हाउस' अर्थात् नेपालीमा 'पुतलीको घर' भन्ने नाटक महिला अधिकारसँग सम्बन्धित थियो । थाहै नपाई महिला मुक्ती र महिला अधिकारसँग जोडिएका नाटकहरूमा उहाँले काम गर्नुभयो ।

'प्रतिभा आकाश माग्छे' पछि निशाले २०४४ सालमा मह जोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको 'विज्ञापन' भन्ने नाटकमा कलाकार आइनपुग्दा हतारमा खेल्न लगाइयो । एक घण्टा मौखिकरूपमा सिकाएको भरमा उहाँले उक्त नाटकमा १५ वटा शोमा अभिनय गर्नुभयो । त्यतिबेलादेखि उहाँ निरन्तर यही क्षेत्रमा हुनुहुन्छ ।

उहाँले रङगमञ्चमा अभिनय गर्ने समयमा नाटक खेल्नेभन्दा हेर्ने चलन बढी थियो । त्यतिबेला विशेषगरी नेवारी समुदायमा नाटक हेर्न जाने चलन थियो । नाटक हेर्न जाँदा राम्रो औपचारिक पोशाक लगाएर अत्तर छर्केर जाने गरिन्थ्यो, नाटकलाइ निकै सम्मानपूर्वक हेर्ने गरिन्थ्यो । डबलीहरूमा देखाइने नाटकहरू स्तरीय, शिष्ट र मौलिक हुन्थे । त्यतिबेला नाटक खेल्नु भनेको रहर मात्र थियो । नपढेको अरु कुनै काम नभएकाहरूले नाटक खेल्छन् भन्ने आम बुझाई थियो । पछिल्लो समय नाटक खेल्नलाई पढ्नुपर्छ, सिर्जनात्मक हुनुपर्छ भन्ने सोंचको

विकास भएको छ, यसमा निशा खुशी व्यक्त गर्नुहुन्छ । अहिले धेरै नाटक घर खुलेका छन्, सोचमा परिवर्तन आएको छ नाटक गर्नलाई वातावरण बनेको छ यसमा उहाँ सन्तोषको अनुभूति गर्नुहुन्छ ।

## विवाह

नेपाली रङ्गमञ्चका सूत्रधार सुनील पोखरेलसँग निशा शर्माको विवाह भयो । निशा शर्माले खेलेका अधिकांश नाटकको निर्देशन सुनील पोखरेलले गर्नुभएको छ । निशा शर्मालाई नाटक खेल्न प्रेरित गर्ने र अभिनय गर्न लगाउने काम सुनील पोखरेलले नै गर्नुभएको थियो । यस क्षेत्रमा स्थापित हुनका लागि निशालाई श्रीमान्को निकै दरिलो साथ र सहयोग मिलेको छ । उहाँलाई रङमञ्च लाग्नका लागि प्रेरित गर्दै यो क्षेत्रमा क्रियाशिल हुनकालागि अहिलेसम्म पनि सुनील पोखरेलले साथ दिइरहनुभएको छ । उहाँहरूसँगसँगै काम गर्ने क्रममा एक अर्काका परिपूरक बन्नुभएको हो । उहाँहरूको एकजना छोरा हुनुहुन्छ ।

## रगतमा पनि नाटक

नेपालमा टेलीभिजन भित्रिएपछि राम्रा निर्देशकहरू टेलीफिल्म बनाउनतर्फ लागे । गुणस्तरीय नाटक कम  हुन थाले । नाटकमा मिहिनत, समय र खर्च बढी लाग्थ्यो तर कमाई हुँदैनथ्यो, त्यसैले पनि राम्रा निर्देशकको आकर्षण कम भएको थियो । त्यही समयमा सुनील पोखरेल र निशा शर्माको जोडी रङ्गमञ्चलाई स्थापित गराउन यो क्षेत्रमा होमियो । जहाँ योगदान मात्र गर्नुपर्थ्यो कमाई हुँदैनथ्यो । कलाकारलाई पनि पैसा दिने चलन थिएन । उहाँले धेरै नाटक निशुल्क खेल्नुभयो ।

काठमाडौंमा रहेको फ्रेन्च कल्चर सेन्टरले उहाँहरूलाई एउटा हल दिएको थियो, त्यही हलमा हप्ताको एकपटक शनिवार नाटक देखाउने गर्नुहुन्थ्यो । त्यहाँ वर्षभरी नाटक हेर्नका लागि सदस्यता पनि वितरण गर्नुभयो, वार्षिक दुई सय रुपियाँ तिर्नुपर्ने गरी तर अधिकांशले शुल्क तिरेनन् । दुई वर्षपछि यो उपाय पनि उहाँहरूलाई उपयुक्त लागेन । त्यसपछि २०५५/०५६ सालतिर प्रज्ञा प्रतिष्ठानसँग मिलेर नाटक गर्नुभयो । त्यो पनि सहज भएन एक वर्ष गरेर छोड्नुभयो ।

भोको पेटमा पनि निशाको रङगमञ्चप्रतिको मोह भङग भएन । कुनै बेला उहाँ नाटकमा यसरी डुब्नुभएको थियो कि स्टेज देख्दा पनि गएर डाइलग बोलूजस्तो लाग्थ्यो । नाटकप्रतिको मोह कहिले पनि भङग भएन, रगतमै नाटक बगिरह्यो, सायद । जीवन नाटक हो कि हाम्रो नाटक जीवन हो भन्ने कुरा उहाँको दिमागमा मडारिरहन्छ । निरन्तर रङगमञ्चमा बगिरहनुभयो । विभिन्न पहाड र अप्ठेरा छिचाल्दै जसरी निरन्तर बगेर नदी समुन्द्रमा पुग्छ त्यसैगरी नाट्यकर्मी निशा पनि रङगमञ्चको समुन्द्रमा डुबुल्की मारिसक्नुभएको छ । उहाँले एक दर्जनभन्दा बढी मुलुकमा गएर आफ्नो अभिनयलाई सशक्तरूपमा प्रदर्शन गरिसक्नुभएको छ ।

## संघर्ष, सङ्कट र समाजसेवा

निशाको जीवनको अर्को महत्वपूर्ण पाटो समाज सेवा पनि हो । उहाँले सडक बालबालिकाकसँग पनि काम गर्नुभएको छ। फक्रन नपाउँदै जीवनमा कहाली लाग्दो व्यथा भोगेर सडकमा आइपुगेका अनाथलाई साथ दिन र उनीहरूलाई स्थापित गराउन सुनील पोखरेल र निशाले धेरै प्रयास गर्नुभयो ।  यस्ता बालबालिकालाई रङगमञ्चमा पनि स्थान दिनुभयो । उनीहरूको कथा र व्यथालाई रङगमञ्चमा उतार्नुभयो । बाइस जना सडक बालबालिकाको पुन:स्थापना गर्ने क्रममा आफूले दु:ख गरी कमाएको पैसाले काठमाडौं न्युप्लाजामा किनेको तीन आना जग्गा बेच्नुभयो । गहना बेचेर र धितोमा राखेर ऋण लिनुभयो । एक लाख रुपियाँको ब्याज १६ हजार तिर्नुपर्‍यो । शुरुमा युनिशेफले सहयोग गर्ने वचनवद्धता व्यक्त गरे केही सहयोग पछि केही दिएनन् । सबै बालबालिकालाई स्थापित गरेपछि उहाँहरूले यो क्षेत्रमा फेरि हात हाल्नुभएन ।

त्यतिबेला आफ्नो छोरालाई दुध खुवाउनका लागि समेत पैसा नभएको नमिठो सम्झना छ निशासँग । काठमाडौंमा माइती भएको हुँदा भरथेग पाएकाले मात्र रङगमञ्चमा टिक्न सकेको भन्ने लाग्छ उहाँलाई । छोरालाई दुध खुवाउने पैसा नहुँदा निकै संघर्ष गर्नुपरेको थियो । रङगमञ्चमा धेरैका कथा र व्यथा त  देखाउनुभयो तर आफ्नो दु:खलाई सहन निकै गाह्रो पर्‍यो । उहाँका श्रीमान् डिप्रेशनमा जानुभयो, डिप्रेशनबाट बाहिर आउन एक वर्षभन्दा बढी सयम लाग्यो । यस्तो असहज परिस्थितिमा पनि निशाले नआत्तिएर सबै

कुरा सम्हाल्नुभयो । रङ्गमञ्चले उहाँलाई ठूलो सम्मान र इज्जत दियो तर आर्थिकरूपमा सहज वातावरणचाहिँ भएन ।

प्रतिकूल परिस्थितिमा पनि नडगमगाएर परिस्थितिसँग जुध्दै निशा अगाडि बढ्नुभयो । प्रतिकूल परिस्थितिसँग जुध्न सक्ने उहाँको आत्मविश्वासले उहाँलाई अरुभन्दा पृथक पहिचान दियो । अहिलेसम्म पनि आत्मविश्वासका साथ उहाँ आफ्नो कर्ममा निरन्तर लागिरहनुभएको छ । हरेक परिस्थितिसँग जुध्न र भिडन सक्ने उहाँको साहसले नै उहाँको व्यक्तित्व उँचो हुँदै गयो ।

सुनील पोखरेल र निशा जसले धमिलिएको रङ्गमञ्चलाई निरन्तरको प्रयासबाट उज्यालो बनाउनुभयो । जसले जीवनमा नयाँ गोरेटो कोर्नसक्छ त्यस्तैको नाम इतिहासमा सुनौला अक्षरले लेखिन्छ भन्ने भनाईलाई उहाँहरूले सावित गर्नुभयो । ठूलो आर्थिक सङ्कटमा गुज्रिएपछि विदेश जानेसम्मको सोच त आयो तर रङ्गमञ्चको मोहले पाइला चलेनन् । त्यसपछि उहाँहरूले गुरुकूल नामक संस्था स्थापना गरेर नाटक पढाउन र सिकाउन थाल्नुभयो । छजना विद्यार्थीबाट गुरुकूलको शुरु गर्नुभयो । गुरुकूल परम्पराअनुसार नाटक पढाउने उहाँहरूको उद्देश्यसहित यसको स्थापना गरिएको थियो । आवासीयरूपमा विद्यार्थी राखेर पहिलेको गुरुकूलमा जस्तै गरी सिकाउन थाल्नुभयो । गुरुकूल शुरु गर्दा पनि उहाँहरूसँग पैसा थिएन । नाटक हेर्ने दर्शक खासै पाइदैँनथ्यो । तीनजनासम्म दर्शक आउँदा पनि उहाँहरूले नाटक देखाउनुहुन्थ्यो ।

गुरुकूलका नाटक घर काठले बनेका थिए, भित्तामा बोरा टाँसिएको थियो भने परालले छानो छाइएको थियो । एकपटक नाटक देखाउँदै गर्दा आएको ठूलो हुरी बतासले छाना नै उडाइदियो तर पनि उहाँहरूले पुरै नाटक देखाउनुभयो । नाटक सकिएपछि सबैजना एक अर्कालाई अङ्गालो मारेर रोएको र भोलिपल्ट पराल खोजेर छाएको सम्झना छ निशासँग । गुरुकूलमा परालसँग पनि आफ्नो आत्मीयता जोडिएको सुनाउनुहुन्छ उहाँ । रङ्गमञ्चप्रतिको ठूलो लगाव र मोहले नै हरेक प्रतिकूलतामा पनि उहाँ विचलित हुनुभएन, त्यसको समाधानसहित अगाडि बढ्नुभयो । गुरुकूलका शुरुवाती दिनमा विद्यार्थी र आफूहरू पनि भोकभोकै सुतेका तीता अनुभव पनि छन् उहाँसँग ।

विस्तारै दर्शकको संख्या बढ्न थाल्यो । गुरुकूलमा नाटक हेर्नेको भीड लाग्थ्यो । निशा शर्माले इब्सनको (डल्स हाउस नाटकलाई नेपाली रूपान्तरण गरेर पुतलीको घरको नाममा खेल्नुभयो । यसलो ठूलो लोकप्रियता कमायो । यो नाटक त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहमा अंग्रेजी साहित्यमा पढाई हुने गर्थ्यो । दुई वर्षमा नाकट घर खचाखच भरिन थाल्यो विशेष गरी निशा शर्माको अभिनय हेर्नेको सङ्ख्या निकै हुन्थ्यो । यस्तो दुःखले सिर्जेको गुरुकूल १० वर्षमै बन्द भयो । जतिबेला नाटक हेर्नका लागि टिकट पाउन पनि गाह्रो हुन्थ्यो । निकै राम्रो अवस्थामा पुगेको बेला गुरुकूल बन्द गर्नुपर्‍यो । जग्गा भाडामा लिएर गुरुकूल खोलिएको थियो । जग्गा भाडामा लिनका लागि गरिएको करार सकिएसँगै गुरुकूल बन्द गर्नुपरेको थियो ।

## नाटक र जीवनको सम्बन्ध

शुरुमा रहरले नाटक खेलियो पछि जीवन नै नाटक खेल्दा खेल्दै अगाडि बढिरहेको छ । जेजति दुःख कष्ट भोगेपनि आफ्नो कठिन भोगाईप्रति उहाँको कुनै गुनासो छैन । आफैंले रोजेको क्षेत्र हो, जीवनमा नाकटभन्दा अर्को कुरा जानिएन, नाटक गर्दा स्वतन्त्र ढङ्गले गरियो यसमै मजा लाग्छ । केही समयका लागि एउटा परिधिभित्र बसेर पात्र बनेर बाँचेका हुन्छौं हामी, लगाम छ लगाम तानेर बस्छौं । जीवन र नाटकमा धेरै ठूलो फरक छैन । 'पुतलीको घर' नाटक गर्दा महिला अधिकारकर्मीहरूले पनि अँगालो मारेर रुनुहुन्थ्यो, धेरैले त्यसमा आफ्नो भोगाई पाउँथे । करिब डेढ सय वर्ष अघि लेखिएको यो नाटक अहिले पनि सान्दर्भिक छ ।

'मायादेवीको सपना' नाटक गर्दा धेरैले द्वन्द्वमा भोगेको आफ्नो कथा र व्यथाका रूपमा लिए । 'अग्नीको कथा' गर्दा धेरै बुद्धिष्टहरू आएर हेरे । 'जीवनदेखि जीवनसम्म'मा उत्पलको कथालाई लिएर नाटकमा जीवन भोगाइ र अनुभव जोडेर आफ्ना कुरा राख्थे । अभि सुवेदीको कविता 'आरुका फूलका सपना'लाई नाटकमा रूपान्तरित गरेर मञ्चन गरिएको थियो । जसमा नेपालकी भृकुटी र बेचिने नेपाली चेलीको विषय उठाइएको थियो ।

उहाँले प्रमुख भूमिका निर्वाह गरेका टेलीफिल्म 'भीडदेखि भीडसम्म'मा पनि महिला अधिकारकै विषय उठाइएको थियो । थाहै नपाएर महिला अधिकारका

विषय जोडिएका भूमिका निर्वाह गरेको अनुभव छ उहाँसँग । संयोग मिल्दै आउँदा आफूलाई पनि यो क्षेत्रमा काम गर्दा दायित्व बढेको अनुभव गर्नुभयो । अभिनयको माध्यमबाट महिला अधिकारका विषय उठाउँदै जाँदा यो क्षेत्रमा दायित्व बढेको महसुस हुँदै गयो उहाँलाई । राम्रो नराम्रो जस्तो अवस्थालाई पनि सहन र ग्रहण गर्न सक्ने शक्ति महिलामा भएकाले 'शक्ति र धर्ती' सँग महिलालाई तुलना गर्नुहुन्छ उहाँ ।

## मन मस्तिष्क जगाउने अभिनय

निशाको सशक्त अभिनयबाट धेरैको मन हल्लिएको छ, सोंच परिवर्तन भएको छ । कसैका आँखा रसाएका छन् । ब्रिटिश लेखिका सारा केनले लेखेको 'फो पोइन्ट फोटिएट'(४:४८) नाटक खेल्नुभयो जसमा उहाँले पागलको भूमिका निर्वाह गर्नुपर्ने थियो । लेखिका लेस्वियन हुनुहुन्थ्यो, त्यो नाटकलाई उहाँको मृत्यु पत्र(सुसाइड नोट)का रूपमा लिइन्छ । यसलाई निकै खतरनाक नाटक मानिन्छ, जुन नाटक खेल्ने धेरैले हिम्मत गर्दैनथे । नर्वेजियन निर्देशकले यो नाटक गर्न सक्दैनस् भनेका थिएँ तर निशाले यसमा बेजोडको प्रस्तुति दिनुभयो । यही नाटकका लागि उहाँले कपाल खौरिनुभयो । हतियार चलाउनुपर्ने थियो, हतियार चलाउँदा घुडानेरको केही भाग काटियो जसमा १२ टाँका लगाउनुपऱ्यो । एक घण्टाको उक्त नाटक शुरु भएको १५ मिनेटमै उहाँको खुट्टा काटिएको थियो तर उहाँले रगत बगिरहँदा पनि नाटक रोक्नुभएन । उहाँको यो नाटक हेरेपछि बरिष्ठ नाट्यकर्मी अशेष मल्लले दुई दिनसम्म आफू सुत्न नसकेको कुरा निशालाई भन्नुभएको थियो । डा. अरुणा उप्रेतीले यो नाटक खेलिसकेपछि डिप्रेशनमा जान्छौ भन्नुभएको रहेछ तर यो नाटक खेलेपछि निशाको अनुभव अरुले भनेको भन्दा उल्टो भयो । उहाँ भन्नुहुन्छ- हामी महिला हाम्रा सामाजिक जन्जाल र बन्धनमा यसरी बाँधिएका हुन्छौं कि हामी खुलेर रुन हाँस्न र बाँच्न पाएका हुँदैनौं । हामीलाई हाम्रो समाजले चिच्याउने कराउने अनुमति पनि दिँदैन । हामीले व्यक्तिलाई कम र समाजलाई धेरै महत्व दिन्छौं । सायद मभित्र पनि यस्तो कुण्ठा जमेर बसेको थियो होला । बहुलाएर जे गरेपनि हुन्थ्यो, सबैसँग भएको रिस राग पोख्न पाएर हुनसक्छ । धेरैले यो नाटक गर्दा वास्तवमै बौलाउँछौ भनेका थिए तर मलाई छुट्टै आनन्द आयो । 'पुतलीको घर' नाटक महिला अधिकारमा आधारित थियो । विशिष्ट व्यक्तित्वहरूले पनि यो नाटक

हेरिसकेपछि आफ्नो आँखा खुलेको प्रतिक्रिया दिन्थें । विशिष्ट छाप छोडेको यो नाटकमा निशाले ३८७ पटकसम्म अभिनय गर्नुभएको छ । स्वदेशमा मात्र नभएर विदेशमा समेत धेरै पटक यो नाटक मञ्चन गरिएको छ । उहाँको सशक्त अभिनयको उल्लेखनीय उदाहरणका रूपमा यसलाई लिइन्छ । इब्सनको नातिले पनि उहाँले 'डल्स हाउस'मा खेलेको हेर्न पाउनुभयो यसमा निशा अत्यन्त खुशी व्यक्त गर्नुहुन्छ ।

विभिन्न पात्रको भूमिका निर्वाह गरिहेको हुन्छु । कहिलेकाहिँ आफूलाई दिक्दार लागेको बेला म वास्तविक जीवनमा चाहिँ के हू त ? भन्ने पनि लाग्छ उहाँलाई ।

## उपलब्धिहरू

निशा शर्मा अहिले सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्य हुनुहुन्छ । उहाँ विभिन्न पुरस्कार र सम्मानबाट सम्मानित हुनुभएको छ । नृत्यमा २०३१ सालमै स्वर्णपदक प्राप्त गर्नुभयो । अभियान टेलीफिल्म अवार्डमा २०४५ सालमा 'निमित्त नायक' टेलफिल्मबाट सर्वोत्कृष्ट वर्ष नायिक र २०४६ सालको टेलिफिल्म अवार्डमा पनि 'भिडदेखि भिडसम्म' टेलीफिल्मबाट उहाँ सर्वोकृष्ट नायिकाको सम्मान सम्मानित हुनुभयो । नेपाल सरकारबाट राष्ट्रिय प्रतिभा सम्मान र डबली सम्मान(२०६०) बाट पनि उहाँ सम्मानित हुनुभएको छ । अन्तर्राष्ट्रिय रङ्गमञ्च इन्सिच्युटको नेपाली केन्द्रबाट नेपाली रङ्गमञ्चका सशक्त पाँच महिला मध्ये एकको उपाधि प्राप्त गर्नुभयो ।

अन्तर्राष्ट्रिय नाटककारहरू इब्सनको 'डल्स हाउस', सोफोकल्सनको 'अडीपस', मोलिएरको 'स्कापन', अल्बर्ट क्यामसको 'द जस्ट' र 'द आउटसाइडर', ब्रीचको 'द गुड वमन अफ सिचुवा', अलेक्जेण्डर भमपिलोभ्सको 'द इल्डर सन', जुन्जी किनोसिटाको 'युजुरु सस्सन्ध्या सारस', जिन अनोउइल्सको 'एन्टिगोनी' लगायत धेरै भारतीय नाटकमा पनि उहाँले प्रमुख भूमिका निर्वाह गर्नुभएको छ । यसैगरी नेपाली नाटककार गोविन्दबहादुर गोठाले, विजय मल्ल, अभि सुवेदी, अशेष मल्ल, सिकेलाल लगाययतले लेख्नुभएका नाटकहरूमा उहाँले प्रमुख भूमिका निर्वाह गर्नुभएको छ । लक्ष्मीप्रसाद देवकोटाको 'मुना मदन', इन्द्रबहादुर राईको 'जयमाया आफू मात्र लिखापानी आइपुगी', लगायतमा उहाँले प्रस्तुति दिइसक्नभएको छ । उहाँले धेरै नाटकमा प्रमुख भूमिकाका साथै एकल नाटक

पनि खेल्नुभएको छ । सारा केनको नाटक र 'द्रोपदीको कथा' नाटकमा उहाँले एकलरूपमा प्रस्तुति दिनुभएको छ ।

निशाले चार दर्जन नाटकमा अभिनय गर्नुभएको छ भने २५ वटा टेलीफिल्ममा पनि उहाँको प्रमुख भूमिका रहेको थियो । टेलीभिजनका धेरै नाटक, रेडियो नाटक र २५ वटाभन्दा बढी सडक नाटक र केही फिल्महरूमा पनि उहाँले अभिनय गर्नुभएको छ। भारत, बंगलादेश, पाकिस्तान, डेनमार्क, स्वीडेन, रुस, फिलिपिन्स, थाइल्याण्ड, कोरिया, चिन, अमेरिका, अष्ट्रेलिया, फिनल्याण्ड, हल्याण्ड र नर्वेमा गएर विभिन्न महोत्सवहरूमा उहाँले नाटक मञ्चन गर्नुभएको छ ।

अमर आदर्श माध्यमिक विद्यालयबाट बानेश्वरबाट एसएलसी गरेकी निशाले इन्टनेशनल पिपल्स कलेज डेनमार्कबाट कन्फिल्क्ट रिजोलुसन, अफ्रिकन कल्चर, कम्युनिकेशन, पोलिटिकल कल्चर एण्ड डाइलग, टीम विल्डिङ एण्ड स्टडी अफ डेनमार्क एण्ड स्कानडेभिया अध्ययन गर्नुभएको छ । ■